# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, असार १२ गते २०५७ साल (संख्या ११


## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको
### सूचना १

विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्य बाहिर मुद्रा निकासी वा पैठारी गर्ने सम्बन्धमा सर्वसाधारणको जानकारीको लागि देहायबमोजिमको आदेश मिति २०५७।४।१ देखि लागू हुने गरी जारी गरेको छ।

(क) नेपाली र भारतीय नागरिकहरूले नेपाल अधिराज्यबाट भारतमा सुन, चाँदी वा मिश्रित चाँदीका नेपाली सिक्का बाहेक अन्य नेपाली र भारतीय सिक्का करेन्सी नोट र बैंक नोट असिमित मात्रामा लैजान वा पठाउन सक्ने छन् ।

तर भा.रू. ५००।– दरका भारतीय नोट नेपाल अधिराज्यमा बैंकिंग कारोवार र सटही नहुने भएकोले यस्ता मुद्राहरू नेपाल अधिराज्यभित्र ल्याउन वा बाहिर पठाउन समेत पाइने छैन।

(ख) विदेशी विनिमय सटही कारोवार गर्ने इजाजत प्राप्त व्यक्तिबाट कानून बमोजिम प्राप्त गरेको परिवर्त्य विदेशी मुद्रा नेपाल अधिराज्यबाट बाहिर लैजान वा पठाउन पाइनेछ। तर नेपाली तथा भारतीय मुद्रा भारत बाहेक अन्य मुलुकमा लैजान वा पठाउन पाइने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

C1

(ग) विदेशी नागरिकहरूले नेपाल अधिराज्यमा आउँदा साथमा ल्याएको विदेशी मुद्राको रकममा नबढाई कम विदेशी मुद्रा नेपाल अधिराज्यबाट बाहिर लैजान वा पठाउन पाउने छन् तर यस्ता व्यक्तिहरूले नेपाल अधिराज्यमा प्रवेश गर्दा भन्सार जानकारी तथा जाँचपास फाराममा आफूसित ल्याएको विदेशी मुद्राको रकम भन्सार अधिकृत समक्ष घोषणा गरेको हुनु पर्नेछ ।

खण्ड ३५, संख्या १०, मिति २०४२।३।३ को नेपाल राजपत्र भाग ३ तथा खण्ड ४०, संख्या २२, मिति २०४७।५।२५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचनाहरू खारेज गरिएको छ ।

आज्ञाले,
डा. विमलप्रसाद कोईराला
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले आर्थिक ऐन, २०५६ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी डिजेलबाट संचालित टेम्पोहरू काठमाडौं उपत्यकाबाट विस्थापित गर्न त्यसको सट्टामा झिकाइएका माइक्रोबसहरूको पैठारीमा लाग्ने अग्रिम आयकर पूर्णरूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

### श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारले वन पैदावार विकास समिति (गठन) आदेश, २०३३ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी सोही दफाको उपदफा (२) को खण्ड (घ) पछि देहायबमोजिमको खण्ड (घ१) थप गरेको छः–

"(घ१) श्री सहदेवचन्द्र पराजुली, काठमाडौं महानगरपालिका वडा नं. ३५ – सदस्य"

आज्ञाले,
रविशर्मा अर्याल
उप सचिव (कानून)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५७ साल जेठ १६ को निर्णयानुसार कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका विशेष सचिव श्री उदयनेपाली श्रेष्ठलाई सोही मन्त्रालयको सचिव पदमा पदस्थापन गरिएको छ ।

आज्ञाले,
विद्युतराज चालिसे
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
८२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८४